म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २० आइतबार २ भदौ २०८१ ने. सं. ११४४ गुँलाथ्व 18 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बाढीपहिरोबाट जोगिऔं**

जथाभावी सडक निर्माण, खोला उत्खनन् र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:

- ☞ वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं,
- ☞ पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं,
- ☞ बस्ती तथा समुदायको रक्षा गरौं,
- ☞ बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं,
- ☞ घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं ।

बाढीपहिरोबाट आफू पनि बचौ, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# उद्योगमन्त्री भण्डारीद्वारा हेटौंडा सिमेन्ट र मयुधाप औद्योगिक क्षेत्र अवलोकन

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सरकारको पूर्णस्वामित्वमा रहेको हेटौंडा सिमेन्ट उद्योगलाई दीर्घकालीन रुपमा संचालन गर्न संघीय सरकारले गृहकार्य गरिरहेको बताएका छन् ।

आज शनिबार हेटौंडास्थित हेटौंडा सिमेन्ट उद्योगको निरीक्षण गर्दै मन्त्री भण्डारीले सिमेन्ट उद्योगको समस्याका बारेमा संघीय सरकारलाई अवगत भएको बताए । उद्योगको बर्तमान अवस्थाबारे जानकारी लिंदै मन्त्री भण्डारीले संघीय सरकारले हेटौंडा सिमेन्ट उद्योग चलाउन चरणबद्धरुपमा गृहकार्य गरिरहेको जानकारी दिए । उद्योग ब्यवस्थापन समितिले पनि उद्योगमा अनावश्यक खर्च कटौती गरी उद्योगको प्रतिईकाई लागत न्युनीकरण गरी प्रतिष्पर्धात्मक बजारमा उपस्थित हुनुपर्ने मन्त्री भण्डारीको भनाई थियो ।



हेटौंडा सिमेन्ट उद्योगको स्थलगत अवलोकनका क्रममा मन्त्री भण्डारीले सरकारी स्वामित्वको उद्योग बन्द हुनको कारण सरकार, सञ्चालक समिति, कर्मचारी र संलग्न सबै सरोकारवाला जिम्मेवार रहेको बताए । उद्योग संकटग्रस्त बन्नुको जिम्मेवारी सबैले लिनुपर्ने उनको भनाई छ । मन्त्री भण्डारीका अनुसार राजनीतिकरणले सरकारी स्वामित्वका उद्योग बन्द र जीर्ण हुने अवस्थामा पुगेको हो । हेटौंडा सिमेन्ट उद्योग थलिनुमा पनि सबैपक्ष र राजनीतिकरण नै मुख्य कारण रहेको उनले बताए । सरकारी उद्योगहरु बन्द तथा धराशायी बन्नुमा सबैपक्षको कमजोरी रहेको मन्त्री भण्डारीले औंल्याए ।

सरकारले उद्योग सञ्चालन गर्ननहुने मन्त्री भण्डारीले बताए । उद्योग सञ्चालनको जिम्मा उद्योगी व्यवसायीलाई नै दिनुपर्ने र सरकारले उपयुक्त लगानी तथा उद्योग सञ्चालनको वातावरण निर्माण गरिदिनुपर्ने उनले बताए । सरकारले ९ वटा जीर्ण र संकटग्रस्त उद्योग सञ्चालनको मोडालिटी तयारी अघि बढाएको मन्त्री भण्डारीले बताए । अघिल्लो सरकारले हेटौंडा र उदयपुर सिमेन्ट उद्योग सहित जीर्ण ९ उद्योगलाई निजीकरण इकाईमा पठाएको मन्त्री भण्डारीले बताए । इकाईमा विचाराधीन विषयमा अर्थ मन्त्रालय र प्रधानमन्त्रीसँगको छलफल पछि आवश्यक निर्णय गरिने उनको भनाई छ ।

'घाटामा सिमेन्ट उद्योग सञ्चालन गरेर हुँदैन । उद्योग फाइदामा लैजाने गरी लगानी गर्नुपर्छ । स्पष्ट मोडल तयार गरेर संकटमा रहेका उद्योग सञ्चालनको बारेमा छलफल भइरहेको छ । उद्योग बन्द गर्ने भन्दा पनि यसलाई टिकाउने विषयमा सरकार प्रयत्नरत रहेको छ । कानुन संशोधन गरेर उद्योगमैत्री वातावरण तयार गर्ने लयमा सरकारले काम गरिरहेको छ' मन्त्री भण्डारीले भने । ब्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले उद्योगको पुराना प्रबिधिका मेशिनरी हटाएर नयाँ प्रबिधिका मेशिन जडान गरी आफ्नो उत्पादनलाई उपभोक्तामा लैजानुपर्ने बताए ।

अध्यक्ष भण्डारीले २०४३ सालदेखि निरन्तर चलिरहेका केही मेशिनरी उपकरण जीर्ण भएकोले त्यस्ता उपकरण बिस्थापन गरी नयाँ प्रबिधिको मेशिन जडान नगरेसम्म बजारमूल्यमा प्रतिस्पर्धा गर्न नकिने बताए । उद्योग पूर्ण क्षमतामा संचालन हुने अवस्था नरहेको उनले उद्योगमन्त्री भण्डारी समक्ष जानकारी गराए ।

हेटौंडा सिमेन्ट उद्योगको उत्पादनको साख उपभोक्तामाभ कायमै रहेकोले उद्योगलाई कुनैपनि हालतमा निरन्तर संचालनमा ल्याउन सरकारको सहयोगको अपेक्षा रहेको अध्यक्ष भण्डारीले बताए । उद्योगका महाप्रवन्धक बसन्तराज पाण्डेले हेटौंडा सिमेन्ट उद्योगमा चरम आर्थिक संकटका कारण पटकपटक उद्योग बन्द गर्नु परिरहेको बताउँदै उत्पादनलाई थप बृद्धि गर्न पुराना प्रबिधिका मेशिनबाट काम लिन नसकिने अवस्था रहेकोले नयाँ प्रबिधिका मेशिन जडान गर्न सरकारले सहयोग गर्नुपर्ने मन्त्री भण्डारीसमक्ष माग गरे ।

मन्त्री भण्डारीले शनिबार नै हेटौंडा औद्योगिक क्षेत्रमा रहेको हेटौंडा कपडा उद्योगको पनि बर्तमान अवस्था निरीक्षण गरेका छन् । कपडा उद्योग संचालनको मोडालिटिबारे सरकारले गृहकार्य गरिरहेको जानकारी दिंदै मन्त्री भण्डारीले कपडा उद्योग संचालनमा आउँदा रोजगार बढ्ने बताए ।

उद्योगमन्त्री भण्डारीले हेटौंडा-१४ मा निर्माणाधीन मयुरधाप औधोगिक क्षेत्र अब चाँडै सञ्चालनमा आउने बताएका छन् । शनिबार बिहान मयुरधाप औधोगिक क्षेत्र अनुगमनको क्रममा प्रतिक्रिया दिँदै मन्त्री भण्डारीले केपी शर्मा ओली पहिलोपटक प्रधानमन्त्री भएको समयमा प्रस्तावित गरिएको नयाँ औधोगिक क्षेत्रकोरुपमा रहेको मयुरधापलाई औधोगिक क्षेत्रलाई अब सञ्चालनको लागि कानुन निर्माण भैसकेकोले सरकारले डिपिआरको आधारमा सञ्चालनमा ल्याउने तयारी गरेको बताए ।

करिब ६ अर्ब लगानीमा निर्माण हुने औधोगिक क्षेत्रको कामलाई पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको कारण समस्यामा परेको थियो । निर्माणको चरण पूरा हुन नसकेको तर, अब यस ठाउँमा नै स्थापना हुने गरी कानुन संशोधन भएको भन्दै अब छिट्टै संचालनमा ल्याउने सरकारको तयारी रहेको मन्त्री भण्डारीले बताए ।

मयुरधाप औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न सूचना जारी भइसकेको थियो । मयुरधापलाई प्रदेशको उद्योगको हबको रुपमा सञ्चालन गर्न लगानीको वातावरण सृजना गरिरहेको बताउदै मन्त्री भण्डारीले सातै प्रदेशमा नयाँ औधोगिक क्षेत्र विस्तारमा सरकार लागिरहेको बताए ।

आफू काठमाडौं पुगेर वन मन्त्रालयसँगको समन्वयमा इआइएको प्रक्रियालाई टुंगोमा पुऱ्याएर मयुरधापलाई चाँडै सञ्चालनमा ल्याउन आफू प्रतिवद्ध भएको उनले बताए । मन्त्री भण्डारीले निजीक्षेत्र हाबी हुँदा सरकारी उद्योगहरु संकुचनमा पुगेको बताएका छन् । मन्त्री भण्डारीले निजीक्षेत्रले लगानी, प्रविधि र उत्पादन तथा बजारमा पहुँच बिस्तार गर्दा सरकारी स्वामित्वका उद्योगका सबै पक्षमा संकुचन आएको बताएका हुन् ।

पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका कारण मयुरधाप औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण गर्न राष्ट्रिय निकुञ्ज बिभाग र वन मन्त्रालयले अवरोध गरिरहेको छ । मन्त्री भण्डारीले वन मन्त्रालयसँग समन्वय गरी छिट्टै मयुरधाप औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण कार्य अघि बढाउने जानकारी दिए । हेटौंडा औद्योगिक क्षेत्र ब्यवस्थापक संगीता कुँवरले मयुरधाप औद्योगिक क्षेत्रको हालसम्मको प्रगतिका बारेमा जानकारी गराएकी थिइन् ।

यसैगरी शनिबार नै मन्त्री भण्डारीले मकवानपुर उद्योग वाणिज्य संघमा उद्योग ब्यवसायीसँग बर्तमान समसामयिक समस्याका बारेमा छलफल गरेका छन् । हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षदेखि नगरपालिकाका बिभिन्न शीर्षकका करको दर एकसय ५३ प्रतिशतसम्म बढाएर उद्योगी ब्यवसायीलाई दु:ख दिएको संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले मन्त्री भण्डारीसमक्ष राखे । उद्योगी ब्यवसायीले चरम आर्थिक मन्दीको समयमा करबृद्धिले ब्यवसाय नै बन्द गर्नुपर्ने अवस्था आएको बताएका थिए ।

# ७ नम्बर वडा बालमैत्री स्थानीय शासनयुक्त घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/हेटौंडा उपमहानगरपालिका वडा नम्वर ७ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । यो वडा उपमहानगरको तेस्रो बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको हो ।

शनिबार औपचारिक कार्यक्रमबीच उपमहानगरप्रमुख मीनाकुमारी लामाले ७ नम्वर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेकी हुन् । नगरप्रमुख लामाले आर्थिक अभावको कारण बालबालिका शिक्षाबाट बञ्चित हुने अवस्थाको अन्त्य गर्न स्थानीय सरकार प्रतिबद्ध रहेको जानकारी दिइन् । उनले हिंसामुक्त नगर स्थापना गर्न सबै एकजुट हुनुपर्ने भन्दै बालबालिकाको चौतर्फी विकासको लागि अभिभावकसँग सहकार्य गर्न पनि उपमहानगर तयार रहेको बताइन् ।



वडाअध्यक्ष दामोदर गौतमले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ले निर्दिष्ट गरेका सूचकमध्ये ४६ सूचक सतप्रतिशत र बाँकी सूचकमा ९० प्रतिशत भन्दा बढी नतिजा हासिल गरेको बताए । यस वडामा १८ वर्षमुनिका १ हजार ८ सय ९८ बालबालिका रहेका छन् । १० वटा बालसमूह र वडा बालसञ्जाल रहेका उनले जानकारी गराए । विभिन्न सूचक पूरा गरेसँगै यो वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको वडाध्यक्ष गौतमले जानकारी दिए ।

'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने मूलनाराको साथ वडालाई बालमैत्री वडा घोषणा गरिएको उनको भनाई छ ।

स्थानीय सामुदायिक एवम् संस्थागत विद्यालयका विद्यार्थी, विभिन्न टोलविकास संस्थाका सदस्य, विभिन्न संघ-संस्थाको प्रतिनिधिको सहभागितामा वडा कार्यालयको प्रांगणबाट प्रभातफेरीसहित वडा कार्यालय परिक्रमा गरिएको थियो । यसअघि हेटौंडा-८ र हेटौंडा-२ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषित भइसकेको छ ।

# तामाङ पत्रकार संघको अध्यक्षमा मोक्तान

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/तामाङ पत्रकार संघ मकवानपुरको अध्यक्षमा पुन: जयराम मोक्तान चयन भएका छन् । शनिबार भएको संघको चौथो भेलाले मोक्तानको नेतृत्वमा ११ सदसीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।




संघको उपाध्यक्षमा सन्देश थिङ, सचिवमा भुवन घलान, सहसचिवमा रविन्द्र वाईबा, कोषाध्यक्षमा जमुना थिङलाई सर्वसम्मत चयन गरिएको छ । संघको सदस्यमा अन्जना लामा, सुशान्त तामाङ, विवेक वाईबा, छोइसाङ सिन्तान चयन भएका छन् । दुईजनालाई कार्यसमितिको बैठकले सदस्यमा मनोनित गरिनेछ ।

सोही अवसरमा ३० औं तामाङ प्रसारण दिवस मनाइएको छ । मोक्तानको सभाध्यक्ष तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यता कार्यक्रम भएको हो ।

कार्यक्रममा तामाङ अग्रज पत्रकारबाट संस्थापक अध्यक्ष आदर्शसिंह थोकरलाई नगदसहित सम्मानित गरिएको छ । यसैगरी प्रदेश प्रतिनिधिमा सुनसनी थिङ, केन्द्रमा राजकुमार स्याङ्बोर नवराज वाईबालाई चयन गरिएको छ ।

कार्यक्रम नेपाल तामाङ घेदुङका केन्द्रीय सदस्य मेम्बर लो, नेपाल तामाङ घेदुङ मकवानपुरका अध्यक्ष कालु घलान, सल्लाहकार सानु लामादोङ, सचिव किरणमान बल, तामाङ पत्रकार संघ बागमती प्रदेशका उपाध्यक्ष ज्ञानेन्द्र तामाङ, नेपाल पत्रकार महासंघका महासचिव कृष्ण सारुमगर, नेपाल पत्रकार महासंघ मकवानपुरका कार्यवाहक अध्यक्ष ध्रुव अधिकारीलगायतको उपस्थिति थियो ।

**ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना**

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

५०% बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:



- ☞ अनलाइन फर्म भर्ने सुविधा ।
- ☞ रोड टेस्ट गराइन्छ ।
- ☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- ☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- ☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- ☞ कार वास भित्र/बाहिर
- ☞ वायरिङ मर्मत
- ☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- ☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- ☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- ☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- ☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- ☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# आन्दोलनले सिकाएको पाठ के हो ?

हेटौंडा उपमहानगरपालिकासँग ८ बुँदामा सहमति गर्दै करबृद्धिबिरुद्ध आन्दोलनरत् व्यवसायीले जारी आन्दोलन स्थगित गरेका छन् । सहमतिपछि उपमहानगरले चालु आर्थिक वर्ष २०८१/८२ मा वडातहबाट हुने खर्च दायित्व सृजना नगर्न नगराउन सबै वडा कार्यालयलाई सूचना जारी गरेको छ । कार्यपालिका बहुमत सदस्यले बिशेष नगरसभा बोलाउन माग गरिरहेको र बिशेष नगरसभाले कर बृद्धिको विषयमा गर्ने निर्णयले समग्र वडाको बिनियोजन सैरचना नै बदलिने हुँदा अनिवार्य दायित्वका विषयहरु अर्को आदेश नभएसम्मका लागि वडाबाट खर्च दायित्व सृजना नगर्न सूचना जारी गरेको हो । यो अवस्थामा वडा तहमा छनोट गरिएको विकास निर्माणका योजना पनि प्रभाबित बन्ने सम्भावना देखिएको बढेर गएको छ । नगरको विकासनिर्माण कार्यमा संघीय वा प्रादेशिक अनुदानमै भर पर्नुपर्ने अवस्था आएको छ । मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा गरिएको आन्दोलन हाललाई स्थगित गर्ने सहमति गरिएको हो । उपमहानगरको करवृद्धिविरुद्ध मउवा संघ, निर्माण व्यवसायी संघ, होटल एशोसिएसन तथा विभिन्न वस्तुगतसंघले आव्हान गरेको आन्दोलनमा उपमहानगरले वार्ताको लागि साउन ३० गते पत्राचार गरेको थियो ।

मागलाइ तत्काल सम्वोधन गर्ने लिखित प्रतिवद्धता माग गर्दै संघले उपमहानगरसमक्ष सात बुँदामा प्रस्ताव गरेको थियो । सबै शीर्षकमा वृद्धि गरिएको कर सतप्रतिशत फिर्ता गरी पुरानै दर कायम गरिनु पर्ने, अवैज्ञानिक विज्ञापन कर खारेज गरिनु पर्ने, उपभोक्ता समितिमार्फत हुने सबै प्रकारको विकास निर्माणको काम निर्माण व्यवसायीमार्फत गरिनु पर्ने माग गरिएको थियो । होटल व्यवसायलाई रातको १२ वजेसम्म सेवा संचालनको प्रत्याभूत गरिनुपर्ने तथा पुन: वैज्ञानिक वर्गीकरण गरिनुपर्ने, निर्माण व्यवसायीले विभिन्न समयमा काम गरी भुक्तान गरिसकिएको भ्याट रकम पुन: शीर्षक परिवर्तन गरी वक्यौता देखाइएको उपमहानगरको गल्ती तत्काल सच्याउनु पर्ने, घरबहाल कर वर्गिकरण गरी घरधनी स्वयमले भुक्तान गर्ने व्यवस्था मिलाउनु पर्ने माग आन्दोलनरत पक्षले राखेको थियो । सहमतिअनुसार मकवानपुर उद्योग वाणिज्य संघलगायतका व्यावसायिक संघसंस्थाले उठाएका विषयमा आगामी नगर सभाबाट सम्बोधन गर्ने प्रतिबद्धता उपमहानगरले गरेको छ । मउवा संघबाट आर्थिक वर्ष २०८१/८२ को करका दरबृद्धिको सम्बन्धमा १८ साउनमा उपमहानगरपालिकामा पेश भएको ज्ञापनपत्र र ३२ गते वार्ताको क्रममा पेश भएका मागका सम्बन्धमा उपमहानगर कार्यालय र संघका प्रतिनिधिबीच ८ बुँदामा समझदारी कायम गरिएको हो । सबै शीर्षकमा वृद्धि गरिएको कर सतप्रतिशत फिर्ता गरी पुरानै दर कायम हुनुपर्ने मागमाथि आवश्यक प्रस्ताव तयार गरी आगामी नगरसभा समक्ष पेश गर्ने सहमति भएको बताइएको छ ।

सबै प्रक्रियाको लागि राजश्व परामर्श समितिलाई पुन: परिचालन गरिनुपर्ने र आवश्यकताअनुसार सदस्य थप गर्नुपर्ने मागका सम्बन्धमा राजस्व परामर्श समितिमा छलफल हुने विषयसँग सम्बन्धित क्षेत्रका विज्ञहरुलाई आमन्त्रित गर्ने सहमति गर्दै मउवा संघले निर्धारण गरेका उपमहानगरसँग सम्बन्धित सम्पूर्ण आन्दोलनका कार्यक्रम हाललाई स्थगित गर्ने समझदारी बनेको हो । व्यवसायीले शुक्रबार बिहान व्यवसाय बन्द गरी हेटौंडा उपमहानगरअगाडि करवृद्धिको विरोधमा नाराबाजी गर्दै व्यावसायिक सटरको साँचो उपमहानगरलाई बुझाएका थिए । केही शीर्षकमा भएको अस्वाभाबिक करबृद्धि फिर्ता हुनुपर्ने अवस्था भएपनि नगरको विकासको दृष्ट्रिले करको दायरा बृद्धि गर्नुपर्ने देखिन्छ । नगरले करको दायरा बृद्धि गर्ने विषयमा अध्ययन नै गरेको छैन । करको दायरा बृद्धि गर्न राम्रो कन्सल्ट्यान्सी खोजेर जिम्मेवारी दिने हो भने धेरै क्षेत्रमा नगरले कर उठाउन सक्छ । तर, थोरै रकम खर्च गर्न नसक्दा धेरै कर उठाउन सकिने सम्भावना टरिरहेको छ । अध्ययन अनुसन्धानमा थोरै लगानी गर्न नसक्दा कर उठ्न सक्ने क्षेत्र छायाँमा परिरहेको छ । नियमित करतिर्ने ब्यवसायीलाई दोबार्ने नीति भन्दा थोरैथोरै कर धेरै क्षेत्रबाट लिनसक्नु पर्छ । यो विषयमा नगरको अध्ययन अनुसन्धानमा पटक्कै ध्यान पुगेको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ३ गते सोमबार १९ अगष्ट २०२४ । पूर्णिमा, श्रावण शुक्लपक्ष । गुँलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३७, सूर्यास्त ६:३६ । रक्षाबन्धन । ऋषितर्पणी (जनै पूर्णिमा) हयग्रीवोत्पत्ति: । पुर्णिमा व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : त्रासमय दिन हुनेछ | तुला | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| वृष | : खानपिन राम्रो हुनेछ | वृश्चिक | : पारिवारिक जमघट हुनेछ |
| मिथुन | : शरीरमा बाधा पुग्न सक्नेछ | धनु | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| कर्कट | : मन पर्ने उपहार पाइने योग छ | मकर | : कामबाट फुर्सद मिल्नेछ |
| सिंह | : प्रतिष्ठित काम गर्ने मौका छ | कुम्भ | : सहयोगीको राम्रो साथ पाइनेछ |
| कन्या | : आत्म-विश्वास बढ्नेछ | मीन | : रोकिएका काम बन्ने योग छ |

# राष्ट्रिय परिचयपत्र, अन्तर्राष्ट्रिय अभ्यास र नेपाली सन्दर्भ



श्यामप्रसाद मैनाली

नेपाल सरकारले सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र बनाउनै पर्ने फरमान जारी गरेको छ । अब सरकारी कामकाजहरू सबै राष्ट्रिय परिचयपत्रको आधारमा हुने भनिएको छ । यद्यपि सरकारले वृद्धभत्ता प्राप्त गर्नका लागि नागरिकलाई राष्ट्रिय परिचयपत्र लिने समय केही बढाइदिएको छ ।

यसबाट यो वर्षायाममा देशभरका वृद्धवृद्धाहरू भत्ता प्राप्त गर्नको लागि राष्ट्रिय परिचयपत्र बनाउनै पर्ने अनिवार्यताबाट केही राहत पाएका छन् । हालसम्म नागरिकताको प्रमाणपत्र, राहदानी, सवारीचालक अनुमतिपत्र, ज्येष्ठ नागरिक परिचयपत्र, कर्मचारी सञ्चय कोष परिचय पुस्तिका, निवृत्तिभरण पट्टा, प्यान नम्बर आदि प्रचलनमा रहेका थिए । अब राष्ट्रिय परिचयपत्र बनिसकेपछि अन्य सबै कार्ड वा परिचय जनाउने प्रमाणहरू एकै ठाउँमा संलग्न हुने हो वा यसको छुट्टाछुट्टै प्रयोजन हुने हो ? यसका बारेमा स्पष्ट हुन सकिएको अवस्था छैन ।

यदि राष्ट्रिय परिचयपत्रको मात्र स्वतन्त्र अस्तित्व हुने हो भने यो परिचयपत्र बनाउनुको उपादेयता रहँदैन । सबै कार्डहरूको उपयोग राष्ट्रिय परिचयपत्रबाट मात्र हुने सम्भावना पनि रहँदैन, अन्योल नै छ । यसका पछाडि राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यासहरूको पनि अध्ययन गर्नुपर्ने हुन्छ । एक देशको घरेलु कानुनले मात्र यी सबै विषयहरुलाई समेटेको हुँदैन । उदाहरणका लागि राष्ट्रिय परिचयपत्र लिएर अन्तर्राष्ट्रिय जगत्मा यात्रा गर्न सकिँदैन ।

यता ज्येष्ठ नागरिकताको प्रमाणपत्र निश्चित उमेर पार गरिसकेका नागरिकहरूलाई प्रदान गरिन्छ । तर राष्ट्रिय परिचयपत्र १८ वर्ष उमेर पुगेकाहरुले मात्र बनाउन सक्छन् । यस अर्थमा राष्ट्रिय परिचयपत्रले ज्येष्ठ नागरिकको परिचय खुलाउन सक्ने अवस्था देखिँदैन, यद्यपि ज्येष्ठ नागरिकहरूले हालका दिनहरूमा राष्ट्रिय परिचयपत्र लिँदा यो परिचय पनि राष्ट्रिय परिचयपत्रबाटै खुलाउन सकिने हुन्छ । तसर्थ राष्ट्रिय परिचयपत्रले के-कस्ता विषयहरुमा स्पष्ट पारी उपयोगमा आउन सक्ने हो ? त्यसबारेमा स्पष्ट र पारदर्शी बनाउनु जरुरी हुन्छ । राष्ट्रिय परिचयपत्रको उपयोग कुन-कुन देशहरुमा के-कति प्रकारले भइराखेको छ ? के-कति देशहरुमा यो परिचयपत्र प्रयोजनमा छ ? यी सबै विषयमा उल्लेख गर्दै यसका प्रक्रियागत जटिलता र वितरण गर्ने प्रक्रियामा देखिएका चुनौतीहरुको विश्लेषण गर्दै निष्कर्षमा पुग्ने प्रयास यस आलेखमा गरिएको छ ।

**यसको उपादेयता :**

राष्ट्रिय परिचयपत्र हस्तरेखा लिएर आवाजका आधारमा समेत तयार पार्ने गरी सोच बनाइएको छ । यसले जातिगत, संस्कृतिगत, धार्मिक, आर्थिक, क्षेत्रगत, उमेरगत आदिका आधारमा नागरिकहरूको परिचय प्रदान गर्दछ । निजी मामिलासम्बन्धी अधिकारको संरक्षण यसबाट हुने मान्यता राखिएको छ । राज्यका सूचनाहरू पारदर्शी बनाउन पनि यसको उपादेयता देखिन्छ । सेवा प्रवाह गुणस्तरीय बनाउन पनि राष्ट्रिय परिचयपत्रको सही उपयोग हुन सक्छ । प्रशासनिक प्रक्रियाहरुको मूल प्रवाहीकरण, नागरिकहरूको संरक्षण र सम्मान प्रदान गर्ने काम यसबाट हुन्छ ।

वैज्ञानिक र व्यवस्थित प्रकारले आफ्ना नागरिकहरूको परिचय प्राप्त गर्ने पद्धतिका रुपमा राष्ट्रहरुले यो परिचयपत्रको महत्व दर्शाउँदै आएका छन् । राष्ट्रिय सुरक्षा, सार्वजनिक सेवा प्रवाहको प्रतिबद्धता र असल शासनको कार्यान्वयन गर्न यो कार्ड उपयोगी हुने देखिन्छ । सार्वजनिक सेवामा सेवाग्राहीहरूको सहज पहुँच कायम गर्न राष्ट्रिय परिचयपत्र उपयोगमा आउँछ । अपराध नियन्त्रण गर्न र आतंकवादलाई निर्मूल गर्न पनि परिचयपत्रको आवश्यकता परेको विश्व समुदायले अनुभूति गरिराखेको छ ।

**विभिन्न देशहरुको अभ्यास :**

विभिन्न देशहरूमा राष्ट्रिय परिचयपत्रको प्रयोग कसरी गरिएको छ ? सबै ठाउँमा अनिवार्य गरिएको छ वा आंशिक देशहरुले मात्र यसलाई अवलम्बन गरिरहेका छन् ? के राष्ट्रिय परिचयपत्र नै अवलम्बन नगर्ने देशहरु पनि छन् त ? यी विषयहरुमा पनि अध्ययन हुनु जरुरी हुन्छ । इन्डोनेसियामा डिजिटल सेवा प्रवाह गर्न यो परिचयपत्रलाई उपयोग गरिएको छ । दक्षिण कोरियामा १७ वर्ष उमेर पुगेका जो-कोही नागरिकलाई यो परिचयपत्र प्रदान गरिन्छ । जापानमा १२ डिजिटल कोडसहितको कार्ड प्रयोगमा छ र विदेशीहरुलाई समेत उक्त देशको परिचय जनाई यो परिचयपत्र प्रदान गरिन्छ । यस देशमा सामाजिक सुरक्षा, कर प्रशासन, प्राकृतिक प्रकोपजस्ता सन्दर्भहरूमा अत्यन्त उपयोगी प्रकारले प्रचलनमा ल्याइएको छ । यसलाई विभिन्न प्रयोजनको लागि उपयोगमा रहेका कार्डहरुको एकीकृत स्वरूपको रुपमा समेत विभिन्न देशहरुले ग्रहण गरिआएका छन् । संयुक्त राज्य अमेरिकामा सवारीचालक अनुमतिपत्र राज्य सरकारले प्रदान गर्दछ । तर राष्ट्रिय परिचयपत्रमा अधिकार संघीय सरकारले राखेको छ ।

सन् १९९६ मा एक आधिकारिक जर्नलमा प्रकाशित भएअनुसार विश्वका १०० देशहरूले राष्ट्रिय परिचयपत्रलाई अनिवार्यरुपमा प्रयोगमा ल्याएका छन् । कतिपय देशले राहदानी छुट्टै र राष्ट्रिय परिचयपत्र छुट्टै बनाएका छन् । ब्रिटिस साम्राज्यको प्रभाव भएका देशहरुमध्ये हङकङमा मात्र यो कार्ड प्रयोगमा आएको हो । तर हाल उक्त क्षेत्र चीनको भूभाग भइसकेकोले त्यहाँको राष्ट्रिय परिचयपत्रको सबै विवरण मुख्य भूभाग चीनमा पठाउनुपर्ने व्यवस्था गरिएको छ । अफगानिस्तानमा राष्ट्रिय परिचयपत्र र राहदानी नम्बरसमेत उल्लेख गरिएको पाइन्छ । अल्बानियाले १६ वर्षमै राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको छ । विभिन्न देशहरुले राष्ट्रिय परिचयपत्र प्रदान गर्दा रकम लिने र नलिने दुवै प्रकारको व्यवस्था मिलाएका छन् । मतदान गर्न राष्ट्रिय परिचयपत्रलाई अनिवार्यरुपमा देखाउनुपर्दछ । कुनै देशले नागरिकहरुले सधैं यो कार्ड साथैमा राखेर हिँड्नुपर्ने अनिवार्य व्यवस्था गरेका छन् । बंगलादेशमा जन्मदर्ता प्रमाणपत्र अनिवार्यरुपमा लिनै पर्ने व्यवस्था मिलाइएको छ । त्यसैको आधारमा राष्ट्रिय परिचयपत्र बन्दछ । बेल्जियममा १२ वर्षमा नै राष्ट्रिय परिचयपत्र प्रदान गरिन्छ । १५ वर्ष पुगेपश्चात् अनिवार्य गरिएको छ । चीनमा विद्यालयमा सबैभन्दा पहिला वितरण गरिन्छ, पछि प्रयोजन हेरी राष्ट्रिय परिचयपत्र नागरिकहरूले लिनुपर्दछ । सबै सरकारी कारोबारमा राष्ट्रिय परिचयपत्र लागू गरिँदैन ।

केही देशहरूमा राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गरिएको छैन । संयुक्त अधिराज्य, फ्रान्स, डेनमार्क, जर्मनीजस्ता देशहरूले यसलाई अनिवार्य बनाएका छैनन् । भारतमा विभिन्न कार्डहरु विभिन्न प्रयोजनमा प्रदान गरिन्छ । तर राष्ट्रिय परिचयपत्रलाई स्वैच्छिक बनाइएको छ । स्वीडेन, नर्वे, स्वीट्जरल्यान्डमा राष्ट्रिय परिचयपत्र वितरण गरिँदैन । संयुक्त राज्य अमेरिकामा राज्य सरकार र केन्द्रीय सरकारका छुट्टाछुट्टै नीतिहरु छन् । तर राष्ट्रिय परिचयपत्रलाई अनिवार्य बनाएका छैनन् । न्युजिल्यान्ड, क्यानडा, अस्ट्रेलिया आदि देशहरूमा यो प्रणाली लागू गरिएको छैन ।

**नेपाली सन्दर्भ :**

नेपालमा राष्ट्रिय परिचयपत्र लागू गर्ने सन्दर्भ सन् २०११ बाट प्रारम्भ भएको हो । प्रारम्भमा एसियाली विकास बैंकको सहयोगमा सिंहदरबारमा रहेका कर्मचारीहरू र पाँचथर जिल्लाका नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र वितरण गरिएको थियो । सामाजिक सुरक्षा लगायतका सरकारी कामहरूमा यो परिचयपत्र लागू गर्ने उद्देश्य राखिएको छ । नागरिकताको प्रमाणपत्र, सामाजिक सुरक्षासम्बन्धी अन्य परिचयपत्रहरू, राष्ट्रिय र व्यक्तिगत परिचय, मतदाता कार्डलाई समेत विस्थापित गरी राष्ट्रिय परिचयपत्रबाटै यी सबै काम गर्ने सोचका साथ परिचयपत्र वितरण गर्न थालिएको भनिएको छ । तर राहदानी र ड्राइभिङ लाइसेन्सलाई यसले समेट्दैन । बेरोजगार कार्ड, अपांग कार्ड आदिजस्ता विविध प्रकारका कार्डहरूलाई यथासम्भव राष्ट्रिय परिचयपत्रमा नै संलग्न गराउने सरकारी नीति रहेको छ ।

यसले धेरै प्रकारका चुनौतीको सामना गर्नुपर्ने परिस्थिति देखाएको छ । व्यक्तिगत विवरणहरुको सुरक्षा कुन हदसम्म हुने हो ? सार्वजनिक क्षेत्रको जवाफदेहिताको निर्वाह हुन सक्ने हो कि होइन ? अन्य प्रकारका नागरिक अधिकारहरूको प्रत्याभूति यो कार्ड प्रयोगमा आउँदाखेरिको अवस्थामा हुन सक्छ या सक्दैन ? अपराधीकरण र आतंकवादलगायतका कुकृत्यहरुलाई यसले नियन्त्रणमा राख्न सक्नुपर्ने हुन्छ । यसका साथै जटिल प्रक्रिया अवलम्बन गर्दै प्रतीक्षामा बसी लामो समयपश्चात् मात्र यो पत्र प्राप्त गर्ने अवस्था छ । विशेष गरी व्यस्त जीवन भएका र अपांगलगायत ज्येष्ठ नागरिकहरूका लागि सरकारले सहज प्रक्रियाको अवलम्बन गर्न सकेको देखिँदैन । यसले गर्दा घण्टौंसम्म कमजोर स्वास्थ्य भएका नागरिकहरु लाइनमा रहनुपर्ने स्थिति छ । चर्को घाममा लाइनमा बस्दा पानी खुवाउने व्यवस्थासम्म पनि सरकारले गरेको देखिँदैन ।

अनलाइन फारम भर्नुपर्ने, यस्ता प्रकारका फारम भर्दा ज्येष्ठ नागरिकहरुले नागरिकताको प्रमाणपत्रको आधारमा भर्नुपर्ने तर पुराना नागरिकतामा पूर्णरुपमा विवरणसमेत नभएको र थोत्रो भएकाले विशेष गरी ज्येष्ठ नागरिकलाई समस्या परेको देखिन्छ । ती प्रमाणहरूमा उल्लेख भएका नामलगायतका विवरणहरू अनलाइन फारम भर्न अवरोधको रुपमा देखिएका छन् । स्क्यानिङ हुन सक्दैन, जसले गर्दा पुन: नयाँ नागरिकता बनाउनुपर्ने वा नागरिकताको प्रतिलिपि नयाँ लिनुपर्ने अवस्थासमेत सिर्जना भएको छ । कतिपय जिल्ला प्रशासन कार्यालयमा नागरिकताको अभिलेखसमेतको अभाव छ ।

राष्ट्रिय परिचयपत्र तयार भएपछि प्रत्येक तीन महिनामा प्रत्येक व्यक्तिले आफ्नो आर्थिक विवरण दिनुपर्ने अनिवार्य व्यवस्था गर्न लागेको सूचनासमेत प्राप्त भएको छ । सबै नेपालीले नेपाली नागरिकताको प्रमाणपत्र हालका दिनसम्म पनि प्राप्त गर्न सकेका छैनन् । सार्वजनिक र निजी क्षेत्र सबैलाई यो अभिलेखमा पहुँच दिइने भएकाले यसले व्यक्तिगत र निजी अधिकारमा समेत संकुचन ल्याउने अवस्था सिर्जना गर्नेजस्ता संगीन चुनौतीहरूको समेत सामना गर्नुपर्ने अवस्था छ । यदि यस प्रकारको अवस्था सिर्जना भयो भने यो राष्ट्रिय परिचयपत्र वितरण कार्य नै गैरसंवैधानिक हुन सक्छ । श्रावण महिनादेखि राष्ट्रिय परिचयपत्र प्राप्त गर्नको लागि माग नगर्नेहरुले सरकारी काम कारबाहीसमेत गर्न नमिल्ने सरकारी रवैयाका कारण नेपाली नागरिकहरू थप झन्झटमा पर्ने अवस्था सिर्जना भइराखेको छ ।

राष्ट्रिय परिचयपत्र प्रदान गर्ने सरकारी काम कारबाही उल्लेख भएअनुसार चुनौतीको भुमरीमा परेको अवस्था छ । यद्यपि यस कार्डको उपादेयतामा जमेर बहस गर्न सकिन्छ । तथापि सरकारी जवाफदेहिता र पारदर्शिताको खडेरी परेको वर्तमान अवस्थामा नेपालमा यो कार्ड वितरण गर्न प्रारम्भ गर्नुपूर्व नै नागरिकका अधिकारहरूको प्रत्याभूति गर्नुपर्ने हुन्छ । सरकार पूर्णरुपमा जवाफदेहिता बहन गर्न तत्पर हुनुपर्दछ, यसमा आशंका छ । तत्कालीन गृहमन्त्रीले विद्यमान कानुन विपरीत सात दिनको नोटिस दिएर राष्ट्रिय परिचयपत्र छाप्ने कामको ठेक्का एक कम्पनीलाई दिइएको सन्दर्भ उल्लेख गर्नु सान्दर्भिक हुनेछ । यसले एकातर्फ सरकारको जवाफदेहिता, पारदर्शिता र कानुनी शासनमा प्रश्न खडा गरेको छ, अर्कोतर्फ उक्त निर्णय त्यसपछिका गृहमन्त्रीले शीघ्र खारेज गरिदिएकोले पनि राष्ट्रिय परिचयपत्र छाप्ने काम विधिवत् अर्को कम्पनीलाई दिइँदा समय खर्चिएको छ । यस अवस्थामा पारदर्शिता र जवाफदेहिताको प्रत्याभूति हुनु अत्यावश्यक छ ।

यस सन्दर्भमा भएका र हुने खर्चको लेखाजोखा, यस कार्डको उपयोग के-कस्ता विषयमा हुने हो ? यसका चुनौती एवं प्रक्रियागत जटिलताहरूको समाधान खोज्दै शीघ्र नागरिकहरुलाई सहजताका साथ यो पत्र प्रदान गर्नुपर्ने देखिन्छ । सूचनाको हक र व्यक्तिको निजी व्यक्तिगत हकको बारेमा तालमेल मिलाएर संवैधानिक प्रक्रियासँग तालमेल खाने गरी यो परिचयपत्र वितरण हुनुपर्दछ । राष्ट्रिय परिचयपत्र र नागरिक दर्ता सन्दर्भमा बनेका कानुनहरु एक-आपसमा बाझिएका छन् । त्यसमा शीघ्र पुनरावलोकन गरेर मात्र राष्ट्रिय परिचयपत्र वितरण र लागू गर्नु उपयुक्त हुन्छ । यी सबै विषयहरूमा सरकारको ध्यान राम्ररी जानु जरुरी छ । अन्यथा नागरिकले सरकारप्रति थप अविश्वासको अवस्थामा रहने परिस्थिति निर्माण गर्नेछन् । यसतर्फ सरकार र सम्बन्धित निकायहरुको ध्यान जानु अत्यावश्यक छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# संक्रमणकालीन न्यायको आगामी कार्यभार

विष्णुराज उप्रेती

संघीय संसद्को प्रतिनिधिसभाले 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयक (तेस्रो संशोधन)' बुधबार सर्वसम्मतिबाट पास गऱ्यो । अब राष्ट्रिय सभाबाट पनि छिट्टै पास होला । प्रधानमन्त्रीले १० दिनभित्र ऐन बनाउने प्रक्रिया सबै टुंगिने पनि भन्नुभएको छ । यो विधेयक तर्जुमाको पहिलो सर्त नै २०७१ सालमा सर्वोच्च अदालतले 'पीडितमैत्री' बनाएर लागू गर्न दिएको परमादेश, २०७१ सालको ऐनको केही प्रावधानबारे अन्तर्राष्ट्रिय समुदाय, मानवअधिकार क्षेत्र र पीडितको विमति नै हो ।

अहिले जुन उत्साहसाथ पूर्ण राजनीतिक सहमति (प्रतिनिधिसभाबाट सर्वसम्मत) भएको छ, यो सहमति संक्रमणकालीन न्याय टुंगो नलागेसम्म (सम्भवत: ४-५ वर्ष) कायम रहन्छ कि रहँदैन भन्ने अहिलेको मूल प्रश्न हो । प्रतिनिधिसभाको बैठकमा जुन उत्साहका साथ नेताहरूले बोल्नुभयो, त्यो उत्साह कायम राख्नु आवश्यक छ । उहाँहरू पहिला नै गर्नुपर्ने काम लामो समय अल्झाएर राख्नुहुन्छ र पछि त्यही काममा सहमति जुट्दा ज्यादै ठूलो काम गरे जसरी दंग पर्नुहुन्छ ।

शान्ति प्रक्रियाका जटिल काम गर्न कति समय लाग्छ, राजनीतिक पार्टीहरूको समय व्यवस्थापन क्षमता कस्तो छ, अर्थात् समयको जटिलतालाई कति ध्यान दिनुहुन्छ भन्नेमा सदा प्रश्न छ । उदाहरणका लागि लडाकु समायोजन ६ महिना, संक्रमणकालीन न्याय ६ महिना, संविधान निर्माण २ वर्ष भनेर तोक्ने उहाँहरू नै हो । लडाकु समायोजनलाई ५-६ वर्ष, संविधान बनाउन ९ वर्ष, संक्रमणकालीन न्यायलाई १८ वर्ष लगाउने पनि उहाँहरू नै हो । त्यसैले अहिले यो संक्रमणकालीन न्याय सुनिश्चित गर्ने काममा सहमति जुट्यो भन्दैमा यो समयमै सही प्रक्रियाबाट सम्पन्न नै हुन्छ भनी ढुक्क भइहाल्ने अवस्था छैन । तर यो सहमतिले आगामी दिनमा इमानदारीसाथ अगाडि बढ्ने हो भने नेपालको शान्ति प्रक्रिया २०८५-८६ सम्ममा सफल पार्ने बाटोचाहिँ खोलिदिएको छ ।

**अबको कार्यभार**

अब राजनीतिक दल, सरकार, नागरिक समाज र सरोकारवालाको संयुक्त प्रयासबाट अगाडि बढाउनुपर्ने कार्यभार यस्ता छन् :

**ऐन र नियमावली**

अब राष्ट्रिय सभामा पेस भएपछि छिट्टै यो ऐन पास होला र राष्ट्रपतिबाट जारी पनि होला । सकिन्छ भने त्यो ऐन जारी हुनुभन्दा पहिला अझै स्पष्ट पार्नुपर्ने सवाल (लामो समय बेपत्ता भई फर्केकाहरू, बहिर्गमितमा पर्ने लडाकुको समूहमा को-को पर्ने हुन् भन्ने निर्क्योल, गैरराज्यबाट भएका यातना, पीडितको सरोकार सुनुवाइका संरचनागत प्रस्टता र सहभागिता आदि) लाई थप प्रस्ट पार्दा पछि कार्यान्वयन गर्न सहज हुन्छ । अहिले पास हुँदै गरेको ऐनलाई प्रभावकारी कार्यान्वयनमा लैजान भइरहेको नियमावलीमा व्यापक परिमार्जन आवश्यक छ । यो नियमावली संशोधन गर्दा हाल बनिरहेको ऐन पूर्ण कार्यान्वयनका लागि आवश्यक पर्ने सबै कुरा ( जनशक्ति, आर्थिक स्रोत, सांगठनिक संरचना र जिम्मेवारी तथा पीडितको सहभागिता आवश्यक पर्ने ठाउँमा यसको सुनिश्चितता) दुई अर्थ नलाग्ने गरी प्रस्ट पार्नु आवश्यक छ ।

**आयुक्त छनोट समिति**

सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीशको अध्यक्षतामा, मानवअधिकार आयोगको प्रमुख वा प्रतिनिधि र विज्ञ (मानवअधिकार, द्वन्द्वविज्ञ आदि) समेत गरी तीन जनाको समितिले आयुक्त छनोट गर्ने भएकाले सही आयुक्त छान्न उहाँहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । विगतमा छनोट समिति विवादित भई लामो समय मानवअधिकार आयोगले प्रतिनिधि नपठाउने, पीडितले विरोध गर्ने र छनोट समितिमाथि दलीय भागबन्डामा आयुक्त छनोट गरेको भनी व्यापक शंका गरिएकोबाट अहिले पाठ सिक्न जरुरी छ । यो समितिले पारदर्शी, निष्पक्ष, कसैको प्रभाव वा दबाबबिना, पीडितको सरोकारसमेत ध्यानमा राखेर आयुक्तहरू छान्नुपर्छ । यो समिति दक्ष मानिससम्म पुगी उनीहरूलाई अनुरोध गर्नुपर्छ । औपचारिकताका लागि विज्ञापन गरी बोलाउँदा आयुक्तका लागि सही मानिस नआउन पनि सक्छ ।

अर्को महत्वपूर्ण पक्ष, दलीय प्रणाली भएको मुलुकमा नागरिकले कुनै दलप्रति आस्था राख्नु गलत होइन, संवैधानिक नै हो । तर यस्तो जिम्मेवारपूर्ण पदमा जाने व्यक्तिले दलीय आबद्धताका आधारमा पक्षधरता लिनुचाहिँ गैर जिम्मेवारीपन हो, अपराध हो । त्यसैले आयोगका पदाधिकारी छान्दा ती व्यक्तिहरूको विगत, कार्यशैली, क्षमता, विज्ञता, निष्पक्षता र संक्रमणकालीन न्यायको मर्म बुझेर छनोट गर्न आवश्यक छ ।

सही प्रक्रियाबाट र सही पात्र (विज्ञता, प्रतिबद्धता, निर्णय क्षमता, जोखिम बहन गर्ने तत्परता र संक्रमणकालीन न्यायको सही बुझाइ र प्रतिबद्धता भएको) छनोट भएमा संक्रमणकालीन न्याय टुंग्याउन सजिलो हुन्छ । दलगत स्वार्थमा काम गर्न आउने पात्रबाट यो सम्भव हुँदैन । विगतमा छानिएका आयुक्तमध्ये धेरैजसो व्यक्तिका रूपमा ठीक भए पनि उनीहरूको राजनीतीकरण गरिएको (फलानो पार्टीको भागबन्डाबाट आएको) भन्ने बुझाइ पीडित र आम जनमानसमा परेकै कारण उनीहरूलाई काम गर्न कठिन भएको थियो । त्यसैले आयुक्तहरू भागबन्डाका आधारमा नभई इमानदारिता, दक्षता, क्षमता, कौशलता, प्रतिबद्धता, जोखिम लिने क्षमता र कार्य तत्परताका आधारमा छानिनुपर्छ । यसरी छनोट भएर आएका आयुक्तले मन, वचन र कर्मले संक्रमणकालीन न्याय सही तरिकाले सम्पन्न गर्न लागिपर्नु आवश्यक छ । कसैले दलीय स्वार्थमा काम गरेको पुष्टि भएमा त्यस्तो आयुक्तमाथि तत्काल कार्यबाहीको व्यवस्था भए निष्पक्ष रूपमा संक्रमणकालीन न्याय सम्पन्न गर्न सहज हुनेछ ।

**कर्मचारी र विज्ञको व्यवस्थापन**

अहिले ६३ हजार ७ सय जति उजुरी सत्यनिरूपण तथा मेलमिलाप आयोग र लगभग २ हजार ५ सय ४२ उजुरी बेपत्ता छानबिन आयोगमा दर्ता भएका रहेछन् । अब नयाँ ऐनअनुसार सेना समायोजनका सिलसिलामा बहिर्गमित भएका र अनमिनबाट अयोग्य लडाकु घोषित ४ हजार ४ सय जति बालसेना गरी लगभग ८-१० हजार थप उजुरी आए भने पनि कुल निवेदन ७५-७६ हजारजति पुग्ला । यति धेरै निवेदनको छानबिन गरी विभिन्न अपराध समूहमा वर्गीकरण गर्न गहिरो अध्ययन गर्नुपर्ने हुन्छ ।

क्रमश: पृष्ठ-३....

# नेपालमा रासायनिक मल कारखाना स्थापनाका लागि अन्तर्राष्ट्रिय चासो



काठमाडौं/नेपालमा रासायनिक मल कारखाना स्थापनाका लागि अन्तर्राष्ट्रिय चासो बढ्दै गएको पाइएको छ । रासायनिक मल कारखाना स्थापनाका लागि पछिल्लो समय चीन सरकारले समेत चासो देखाएको छ । यसअघि मलेसिया, जर्मनी र भारतले नेपालमा मल कारखाना खोल्न चासो देखाएका थिए ।

साउन २६ गते नेपालका लागि चीनका राजदूत छन सङले मल कारखाना स्थापनामा चीन सरकारले सघाउने बताएका थिए । तर औपचारिक रूपमा भने मल कारखाना स्थापनाका लागि लगानी बोर्डमा चीनबाट प्रस्ताव नआएको बोर्डका एक अधिकारीले बताए ।

'मैले समाचारहरूमा चीन सरकारले मल कारखाना खोल्न सहयोग गर्ने भनेको सुनेँ, तर मेरो टेबलमा लिखित प्रस्ताव आइपुगेको छैन,' ती अधिकारीले भने, 'मैले नै मलको बारेमा हेर्दैछु । हालसम्म मलेसिया, जर्मनी र भारतको लगानी प्रस्ताव आएको छ । त्यो वर्षदिन पहिलाको हो । तत्काल कुनै प्रस्ताव आएको छैन ।'

२०८० जेठमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणका क्रममा भारतले रासायनिक मल कारखानाका लागि सहयोग गर्ने विषय बाहिरिएको थियो । यसबारे प्रस्ताव पेस भए पनि लगानी बोर्डले माग गरे अनुसार कागजात पूरा हुन नसक्दा सो प्रस्ताव अघि बढ्न नसकेको बोर्डका अधिकारी निशा त्रिपाठी बताउँछिन् ।

गत वर्ष २०८० असार २८ गते रासायनिक मल कारखानाका लागि जर्मनीसँग अर्को सम्झौता भयो । बोर्ड र जर्मनीको डीआईएजी इन्डस्ट्रिज जीएमबिच नेपालमा रासायनिक मल कारखाना स्थापनाका लागि विस्तृत सम्भाव्यता अध्ययन गर्न समझदारी भएको थियो । लगानी बोर्डका पूर्व सल्लाहकार तथा औद्योगिक इन्जिनियर अक्षितराज पौड्यालले सम्भवत: अध्ययनको रिपोर्ट चालु आर्थिक वर्षमा सो कम्पनीले दिने सम्भावना रहेको बताए ।

रासायनिक मल कारखानाको विषयमा करिब ६ वर्ष काम गरेका पौड्यालले सो कम्पनीले प्राकृतिक ग्यास, विद्युत् प्रयोग गरी हाइड्रोजन निकालेर मल उत्पादन गर्न अध्ययन गरिरहेको बताए । यससँगै ग्यास र विद्युत् प्रयोग गरेर हाइब्रिड प्रविधिबाट मल उत्पादन गर्नेबारे अध्ययन गरिरहेको समेत उनले सुनाए ।

सो अध्ययनको पूर्ण रिपोर्ट आइसकेपछि नेपालमा रासायनिक मल कारखाना सञ्चालनका लागि तीन वटा प्रविधिमध्ये कुन उपयुक्त हुने भन्नेबारे निर्क्योल गर्न सकिने उनी बताउँछन् । 'नेपालमा रासायनिक मल कारखाना सञ्चालनका लागि प्राकृतिक ग्यास खरिद गर्नुपर्छ, जसका लागि भारतबाट ल्याउन सकिन्छ । तर भारतले पनि अन्य राष्ट्रसँग नेपालका लागि खरिद गरिदिनु पर्ने हुन्छ,' उनले भने, 'दुई देशको मात्र कुरा होइन, भारतले पनि बाहिरबाट ल्याउने हो तर त्रिपक्षीय राष्ट्रको विषय भए पनि सम्भव नै नभएको भने होइन ।'

यो प्रविधिबाट सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को व्यवस्था अनुसार, डीआईएजीको प्रस्तावका आधारमा लगानी बोर्डको २०७८ चैत १७ मा सम्पन्न ५० औँ बैठकले अध्ययन अनुमतिपत्र प्रदान गर्ने निर्णय गरेको थियो । साथै प्रस्तावकसँग गरिने समझदारीपत्रको मस्यौदा २०७९ चैत ३० मा सम्पन्न लगानी बोर्डको ५३ औँ बैठकबाट स्वीकृत भएको थियो ।

समझदारीपत्रको प्रावधान बमोजिम प्रस्तावक डीआईएजीले अनुमतिपत्र प्राप्त गरेको २४ महिनाभित्र अध्ययनको पूर्ण रिपोर्ट बोर्डलाई बुझाउनुपर्ने छ । यो आर्थिक वर्षभित्र सो कम्पनीले अध्ययन प्रतिवेदन बुझाउने सम्बद्ध अधिकारीको भनाइ छ ।

सो तीन प्रविधिमध्ये एउटा उपयुक्त प्रविधि प्रयोग गरी वार्षिक सात लाख टन रासायनिक मल (युरिया) उत्पादन गर्ने प्रस्ताव गरेको छ । उल्लिखित प्रविधि र क्षमतामा रासायनिक मल उत्पादनका लागि अमेरिकी डलर ७१४ मिलियन लागत लाग्ने प्रारम्भिक अनुमान छ ।

यस्तै, २०८० को असोज १० गते मलेसियाको रेनिकोला एसडीएन बीएचडीलाई नेपालमा रासायनिक मल कारखाना स्थापनाको निम्ति अध्ययन गर्न दिने सम्बन्धी समझदारीपत्र स्वीकृत भएको थियो । यो कम्पनीले ग्रीन क्याल्सियम नाइट्रेड (क्यान) मल उत्पादनको विस्तृत सम्भाव्यता अध्ययन प्रस्ताव लगानी बोर्डमा पेस गरेको थियो । सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को व्यवस्था अनुसार सो कम्पनीले ऊर्जाको रूपमा विद्युत् शक्तिको उपयोग गरी वातावरणमैत्री प्रविधिमा आधारित भई मल उत्पादन गर्ने प्रस्ताव राखेको थियो । २०७९ पुस २४ गते कम्पनीले प्रस्ताव पेस गरेको थियो ।

लगानी बोर्डको २०७९ चैत ३० मा सम्पन्न ५३ औँ बैठकले प्रस्तावकलाई अध्ययन अनुमतिपत्र प्रदान गर्ने निर्णय गरेको थियो । साथै, प्रस्तावकसँग गरिने समझदारीपत्रको मस्यौदा २०८० भदौ ८ मा सम्पन्न लगानी बोर्डको ५५ औँ बैठकबाट स्वीकृत भएको थियो । समझदारी पत्रको प्रावधान बमोजिम प्रस्तावकले अनुमतिपत्र प्राप्त गरेको २४ महिनाभित्र पूर्ण अध्ययन बोर्डमा पेस गर्नुपर्ने थियो ।

यस कम्पनीले करिब २६० मिलियन अमेरिकी डलर अनुमानित परियोजना लागत रहेको प्रस्तावित परियोजनाबाट वार्षिक ९५ हजार ६०० मेट्रिक टन ग्रीन एमोनिया र २ लाख ८६ हजार ९७५ मेट्रिक टन ग्रीन क्याल्सियम नाइट्रेट (क्यान) मल उत्पादन हुने प्रस्ताव गरिएको थियो ।

यस कम्पनीले तनहुँ जिल्लाको आँबुखैरेनीमा स्थापनाको प्रस्ताव गरिएको सो परियोजनाले इलेक्ट्रोलाइसिस प्रविधिको प्रयोग गरी ग्रीन अमोनियम र ग्रीन क्याल्सियम अमोनिया नाइट्रेट मल तयार गर्ने सम्झौता गरे पनि कागजी प्रक्रिया पूरा हुन नसक्दा यस कम्पनीको अध्ययन रद्द गरिएको बोर्डका प्रवक्ता सहसचिव प्रद्युम्नप्रसाद उपाध्यायको भनाइ छ ।

२०७४ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मल कारखाना खोल्ने जिम्मा लगानी बोर्डलाई दिएको थियो । त्यसयता बोर्डले नै रासायनिक मल कारखानाको लगानीकर्तासँग सहकार्य, सम्भावना अध्ययन प्रस्ताव लगायतका विषय हेर्दै आएको छ ।

**कारखाना सञ्चालनका लागि लागत**

नेपालमा पहिलो पटक सन् १९८४ मा जापानी सहयोग नियोग 'जाइका'ले रासायनिक मल उत्पादनका लागि सम्भाव्यता अध्ययन गरेको थियो । रासायनिक मल कारखानाका लागि कम्तीमा ९० मेगावाट विद्युत् र १ खर्ब ५० अर्ब हाराहारीमा लगानी आवश्यक पर्ने सो प्रतिवेदनमा उल्लेख थियो । त्यसयता पनि विभिन्न समयमा रासायनिक मल कारखाना स्थापनाका लागि अध्ययन भइसकेका छन् ।

लगानी बोर्डले सन् २०१५ मा विश्वमा रासायनिक मल उत्पादनमा प्रचलित विधि अर्थात् प्राकृतिक ग्यास र वाटर इलेक्ट्रोलाइसिस गरी दुई प्रविधिको अध्ययन गरेको थियो । सोही अध्ययनलाई सन् २०२१ मा आन्तरिक रूपमा अध्ययन गरेको लगानी बोर्डले उल्लेख गरेको छ ।

सो अध्ययन अनुसार नेपालको सन्दर्भमा प्राकृतिक ग्यासभन्दा वाटर इलेक्ट्रोलाइसिस प्रविधिको सम्भावना बढी भए पनि त्यसका लागि ठूलो रकम खर्च गर्नुपर्ने देखिएको छ । प्राकृतिक ग्यासमा आधारित प्रविधिका लागि १ हजार २ सय ५१ मिलियन अमेरिकी डलर अर्थात् १ खर्ब ६४ अर्ब २१ करोड ८० लाख रुपैयाँ खर्च लाग्ने उल्लेख छ ।

यस्तै, वाटर इलेक्ट्रोलाइसिस प्रविधिमा १ हजार ८ सय ९७ मिलियन अमेरिकी डलर अर्थात २ खर्ब ४९ अर्ब १ करोड ९० लाख रुपैयाँ खर्च लाग्ने छ ।

**रासायनिक मलमा कृषिको आधा बजेट**

सरकारले चालु आर्थिक वर्षका लागि कृषि तथा पशुपन्छी मन्त्रालयमा ५७ अर्ब २९ करोड रुपैयाँ बजेट छुट्याएको छ । यसबाट रासायनिक मलका लागि २७ अर्ब ९५ करोड रुपैयाँ विनियोजन भएको छ । यस्तै, गत आर्थिक वर्ष ५८ अर्ब ९८ करोड बजेटमध्ये ३० अर्ब रासायनिक मलको लागि विनियोजन गरिएको थियो ।

लगानी बोर्डले सम्भाव्यता अध्ययनको प्रक्रिया अगाडि बढाइ रहँदा सरकारले भने चालु वर्षको बजेटमा मल कारखानाको विषय उल्लेख गरेको छैन । मलखाद आपूर्ति सुनिश्चित गर्न अनुदानका लागि २७ अर्ब ९५ करोड रुपैयाँ भने छुट्याएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता हरि केसीले रासायनिक मल कारखानाका लागि मन्त्रालयमा ठोस कार्य नरहेको बताए । 'नेपालमा रासायनिक मल कारखाना खोल्न बेला-बेला विषय उठ्दै आएको छ,' उनले भने, 'तर हालसम्म ठोस कदम चालिएको छैन ।'

(स्रोत: रातोपाटी)

# 'भ्वाइस किड्स' सिजन ३ को उपाधि अनुया तामाङलाई



काठमाडौं/'भ्वाइस किड्स' सिजन ३ को उपाधि अनुया तामाङले जितेकी छन् । शनिबार आयोजित ग्राण्ड फिनालेमा टीम प्रमोद खरेलकी प्रतिस्पर्धी तामाङले उपाधि जितिन् ।

विजेतालाई हिमालय टिभीका अध्यक्ष धर्मराज भुसाल, कार्यकारी निर्देशक श्याम कँडेल लगायतले पुरस्कार प्रदान गरे । जितसँगै अनुयाले १० लाख रुपैयाँ र प्रायोजकको तर्फबाट गिफ्ट ह्याम्पर प्राप्त गरेकी छन् । अन्य फाइनलिस्टलाई पनि गिफ्ट ह्याम्पर प्रदान गरिएको छ ।

कोच प्रमोद खरेलको टिमबाट अनुया र लाक्पा शेर्पा, कोच मिलन नेवारको टिमबाट समीक्षा धिताल र रिञ्जिन डोल्मा लामा फाइनलिस्ट थिए । कोच छेवाङ लामाको टिमबाट द्वितिका प्रधान र छेसाङ तामाङ, कोच मेलिना राईको टिमबाट सिमला धिताल र आयुष लामाले फिनालेमा प्रतिस्पर्धा गरे ।

तेस्रो सिजनको मुख्य प्रायोजकमा वात्सल्य न्याचुरल आइभीएफ थियो । फिनालेमा कोच र तिनका प्रतिस्पर्धीले सांगीतिक प्रस्तुति दिएका थिए । दर्शकले दिएको भोटको आधारमा बढी भोट प्राप्त गर्ने प्रतिस्पर्धीलाई विजेता चुनिएको हो ।

भोटिङ लाइन शनिबार बेलुका ७ बजेसम्म खुला थियो । फिनालेमा 'भ्वाइस अफ नेपाल'को छैटौं सिजनको डिजिटल अडिसन बाँकी ७ दिन मात्र खुला रहने जानकारी दिइएको थियो । यो जानकारी दिन होस्ट सुशिल नेपाल आफैं मंचमा उक्लिएका थिए ।

# टिजर र गीतपछि 'रावायण'को 'डिमान्ड', मध्यपूर्व र मलेसियामा बिक्यो




काठमाडौं/तीजको विदा पारेर आगामी भदौ २१ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'रावायण'को टिजर र शीर्ष गीत सार्वजनिक भएपछि चर्चा चुलिएको छ । विदेशमा समेत फिल्मको माग बढेको छ । यसैबीच, मध्यपूर्व र मलेसियामा फिल्मको प्रदर्शन अधिकार बिक्री गरिएको छ । साथीभाई इन्टरटेनमेन्टले मध्यपूर्वी र मलेसियाको अधिकार खरिद गरेको निर्देशक सुदर्शन थापाले जानकारी गराए ।

फिल्मलाई नेपालकै मितिमा मध्यपूर्व र मलेसियासहित अन्य देशमा एकसाथ प्रदर्शन गरिने जनाइएको छ । अन्य केही देशबाट पनि प्रदर्शन अधिकार खरिदको प्रस्ताव आइरहेको र चाँडै त्यसको टुंगो लगाइने निर्देशक थापाले बताए । पछिल्लो समय विदेश प्रदर्शन अधिकारबाट निर्माताले राम्रो रकम पाइरहेका छन् । सिक्वेल तथा सिरिज फिल्मको त विदेश राइट्सबाटै लगानी उठ्ने गरेको छ ।

सुदर्शन थापा र पूजा शर्माको निर्माण रहेको फिल्ममा पल शाह, पूजा शर्मा, प्रियंका कार्की, प्रमोद अग्रहरी, प्रकाश शाह, अर्जुनजंग शाही, कैलाश रावल, निकिता चण्डक, शर्मिला मल्ल, प्रदिप ढकाल आदिको अभिनय छ भने सौरभ लामाको छायांकन छ । टिजर र गीतले चुल्याएको चर्चा र बलियो 'स्टारकास्ट'का कारण 'रावायण'ले बक्स अफिसमा राम्रो व्यापार गर्नसक्ने प्रक्षेपण गरिएको छ ।

# 'सुन'को ललिपप देखाउँदा पनि फिल्म चलेन



काठमाडौं/फिल्म चलाउन नेपाली निर्माताहरुले अक्सर विभिन्न उपहार योजना घोषणा गर्दै दर्शकलाई लोभको 'ललिपप' देखाउने गरेका छन् ।

कसैले मोबाइल उपहार त कसैले नगद पुरस्कार घोषणा गरेका हुन्छन् । तर, आजसम्म उपहारकै लागि फिल्म हेर्न दर्शकको मेला लागेको छैन । एक फिल्मका निर्माताले त 'सुन उपहार दिन्छु' भनेर घोषणा गर्दा पनि दर्शक गएनन् । त्यो फिल्म हो, 'नम्बरी सुन' ।

फिल्म प्रदर्शनको पूर्वसन्ध्यामा निर्माता नारायण खातीले फिल्म हेर्ने दर्शकमध्ये १२ जनालाई सुनको मोतीवाला चन्द्रहार उपहार दिने घोषणा गरेका थिए । फिल्म प्रचारको अस्त्र नै यसैलाई बनाइयो । मूल्यमा रेकर्ड बनाइरहेको 'सुन'को लोभ देखाउँदा दर्शक हलमा ओइरिन्छन् भन्ने विश्वास निर्माण टिममा देखिन्थ्यो । तर, सुन उपहार दिने घोषणा गर्दा पनि 'नम्बरी सुन'ले दर्शकको खडेरी भोग्यो ।

फिल्मले प्राय: मल्टीप्लेक्समा राम्रै शोज प्राप्त गरेको थियो । तर, पहिलो शोदेखि नै दर्शकको अभाव झेलेको फिल्म कति हलमा दुई दिन पनि टिक्न सकेन । धेरैजसो शोज 'क्यान्सिल' भए । केही हलमा जेनतेन एक हप्ता टिके पनि दोस्रो हप्ताको मुखै देख्न पाएन । फिल्म नै नचलेपछि अब निर्माताले दर्शकलाई 'सुन' उपहार दिनेमै आशंका उब्जिएको छ । अहिले निर्माताको चालचुल केही छैन ।

फिल्म चल्न 'कन्टेन्ट' नै शक्तिशाली हुनुपर्छ, नभए 'सुनै उपहार दिन्छु' भन्दा पनि दर्शक आउँदैनन् भन्ने यो एउटा गतिलो उदाहरण हो । लोभको 'ललिपप' देखाएर फिल्म चलाउने रणनीतिले अबको समयमा काम गर्दैन । सबैभन्दा पहिला फिल्म आफैंमा बलियो र स्तरीय हुनुपर्छ । नभए उपहारको लोभमा दर्शक यातना झेल्न हलमा जाँदैनन् । र, फिल्म बलियो छ भने 'ललिपप' देखाउनै पर्दैन ।

# संक्रमणकालीन न्यायको....

उजुरीउपर अनुसन्धान गर्न र अझ केही अति प्राविधिक काम (गाडिएका व्यक्तिहरू खोतली हड्डी परीक्षणबाट व्यक्ति पहिचान गर्ने) निकै ठूलो संख्याको जनशक्ति आवश्यक पर्छ । अझ यी कुल निवेदनमध्ये थुप्रै त स्थलगत भ्रमणमै गई उनीहरूसँगै बसेर र कतिपय केसमा मनोसामाजिक परामर्शसमेत गर्नुपर्ने हुन्छ । यी कामका लागि निकै लामो समय लाग्छ ।

मनोसामाजिक परामर्श दिन सक्ने विशेष ज्ञान भएका, कानुनी ज्ञान भएका, द्वन्द्व रूपान्तरण र संक्रमणकालीन न्याय बुझेका र प्रशासनिक ज्ञान भएका कर्मचारी हुँदा मात्र काम सहज हुन्छ । विवाद पनि कम आउने भएकाले कि त सरकारले यस्ता अनुभवी कर्मचारी दिनुपर्‍यो कि नयाँ राख्ने हो भने उनीहरूलाई तालिम र अभ्यास गराउनुपर्‍यो । सबैभन्दा सहजचाहिँ नेपाल सरकारले मन्त्रालयबाट सरुवा गरी पठाउनु नै हो तर यो सम्भव नभएमा नयाँ भर्ना गरी आयोगलाई सयौंको संख्यामा कर्मचारी व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसरी काम गर्दा ४-५ वर्षमा यो काम टुंगिन सक्छ । तर नेताहरूले भनेझैं २ वर्षमै यी सबै काम सम्पन्न गर्ने हो भने हजारौंको संख्यामा कर्मचारी आवश्यक पर्न सक्छ ।

खासगरी बेपत्ता छानबिनका लागि गाडिएका शवका हड्डी निकाली छानबिन गर्नुपरेमा थुप्रै फरेन्सिक विज्ञ चाहिन सक्छ । सयौंको संख्यामा मनोसामाजिक परामर्शदाता, कानुनवेत्ता, सामुदायिक मध्यस्थकर्ता पनि आवश्यक पर्छ । यस्तो विशेष प्रकारको जनशक्ति व्यवस्थापनको सवाललाई आयोग र सरकारको समयमै ध्यान दिई सम्बोधन गर्नुपर्छ ।

**विशेष कोषको स्थापना**

संक्रमणकालीन न्यायका लागि के कति खर्च लाग्छ भन्ने सवालमा विगतमा सेना समायोजनका बेला गरिएको खर्चबाट पनि सरकारले पाठ सिक्न र आवश्यक रकम आकलन गर्न सक्छ । हाल आएको र भविष्यमा आउन सक्नेसमेत गरी ७५ हजारभन्दा बढीको संख्याका उजुरीको पृष्ठभूमिमा क्षतिपूर्ति, उपचार र पुन:स्थापनाका लागि अत्यन्त ठूलो रकम चाहिन्छ । त्यसकारण नेपालको शान्ति प्रक्रियालाई सहयोग पुर्‍याउन चाहने अन्तर्राष्ट्रिय समुदायलाई यो आर्थिक सहयोगका लागि अपिल गर्ने र यो उद्देश्यका लागि छुट्टै 'संक्रमणकालीन न्याय सहजीकरण कोष' खडा गरी त्यसलाई राज्य प्रणालीबाटै सञ्चालन गर्नुपर्छ । यही कोषबाट संक्रमणकालीन न्यायका लागि आवश्यक क्षतिपूर्ति, उपचार, पुन:स्थापना र मेलमिलाप कार्य गरिनुपर्दछ । कोष सञ्चालन पारदर्शी र प्रशासनिक रूपमा सहज खालको व्यवस्था गर्नुपर्छ । विगतमा लडाकु व्यवस्थापनमा ११ हजार व्यक्तिका लागि १५ अर्ब जति रकम लागेको रहेछ । यसैलाई आधार मान्ने हो भने ७५ हजारको आधा व्यक्तिलाई मात्र क्षतिपूर्ति, उपचार र पुन:स्थापनाका लागि ४-५ वर्षभित्र पचासौं अर्ब आवश्यक पर्न सक्छ । यो रकम जुटाउन निकै कठिन हुन सक्छ । सरकारले बेलैमा यतातिर ध्यान दिन आवश्यक छ ।

**सम्भाव्य जोखिम**

संक्रमणकालीन न्याय आफैंमा जटिल र विवादित प्रकृतिको विधा हो । यो नियमित कानुनी प्रक्रिया पनि होइन । मैले ४० भन्दा बढी देशमा भएको संक्रमणकालीन न्यायसम्पादनसम्बन्धी अध्ययन गर्दा सैद्धान्तिक मान्यता एउटै भए पनि परिवेश, परिस्थिति, समय र सरकारले फरक पार्ने कारण कुनै देशको मोडल वा शैली अर्को देशका लागि उपयुक्त नहुने रहेछ । त्यसैले नेपालले अरू देशको मोडल भनेर पछ्याउनु उपयुक्त हुँदैन । तर ती देशले के कस्ता चुनौती भोगे, जोखिम खेपे र समस्याको समाधान गरे भन्नेचाहिँ सूक्ष्म तरिकाले हेर्नु उपयुक्त हुन्छ । त्यस्ता सम्भाव्य जोखिम यस्ता छन्:

पीडितबाट प्रश्न उठ्ने : गम्भीर मानवअधिकारका सवालमा (हत्या, जबरजस्ती करणी, टर्चर र व्यक्ति बेपत्ता, आदि) छानबिनको समयमा गहिरो विवाद आउने र दलीय स्वार्थमा राजनीतीकरण गर्ने कारण पीडितमा अविश्वास बढ्ने जोखिम हुन्छ । पीडितलाई विश्वासमा नलिए यो प्रक्रिया नै धरापमा पर्ने ठूलो जोखिम छ, किनकि संक्रमणकालीन न्याय भनेकै पीडित केन्द्रित हुनुपर्छ । आयोगले पीडितलाई उपचार गराउँदा, पुनरुद्धार र सुविधा तथा सहुलियत उपलब्ध गराउँदा प्रस्ट आधार दिनुपर्छ । पारदर्शी नभए पीडितले प्रश्न उठाउँछन्, यसमा विशेष ध्यान दिन आवश्यक छ ।

विदेशी चलखेल : विदेशीलाई संक्रमणकालीन न्याय प्रक्रियामा निर्णायक भूमिका दिनु हुन्न । केवल ज्ञान, अनुभव र आर्थिक सहयोगमा मात्र सीमित गर्न उपयुक्त हुन्छ । रणनीतिक चाख भएका विदेशी शक्तिहरू सधैं द्वन्द्व, अस्थिरता र संक्रमणकालीन न्यायमा संलग्न हुन, सक्रिय हुन र लगानी गर्न तत्पर रहन्छन् । *(साभार: ई-कान्तिपुर)*

साफ यु-२० च्याम्पियनसिप :

# नेपाल र भारतको नजर उपाधिमा, अन्य टोलीको लक्ष्य फाइनल पुग्ने

काठमाडौं/आइतबार काठमाडौंमा सुरु हुने साफ यु-२० च्याम्पियनसिपका लागि सहभागी ६ वटै टोलीले तयार रहेको बताएका छन् । शनिबार एन्फा मुख्यालयमा भएको पत्रकार सम्मेलनमा नेपालसहित ६ टोलीका कप्तान र प्रशिक्षकले प्रतियोगिताका लागि तयार रहेको बताएका हुन् ।

प्रतियोगितामा पाकिस्तान बाहेक दक्षिण एसियाली सहयोग संगठन सार्कमा आवद्ध ६ देश सहभागी छन् । यसअघि प्रतियोगिताका सबै खेलहरु त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने तय थियो । तर एएफसी च्यालेन्ज कप प्लेअफ अन्तर्गत नेपालको चर्च ब्वाइज र भुटानको पारो एफसीबीच भएको खेलपछि दशरथ रंगशालामा खेल खेलाउन लायक नभएको भन्दै उद्घाटनसहित समूह चरणको खेलहरु एन्फा कम्प्लेक्समा गर्न लागिएको छ ।

उद्घाटन खेलमा घरेलु टोली नेपालले आइतबार श्रीलंकासँग खेल्नेछ । खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा दिउँसो ३ बजे सुरु हुनेछ ।

घरेलु टोली नेपाल, साविक विजेता भारत र साविक उपविजेता बंगलादेश प्रतियोगिताको उपाधि जित्न मुख्य दाबेदारको रुपमा छन् । भुटानले पनि पछिल्लो समय राम्रो प्रदर्शन गर्दै आएको छ । यस्तै माल्दिभ्स र श्रीलंका पनि प्रतियोगितामा राम्रो प्रदर्शन गर्ने लक्ष्यमा छ ।

घरेलु टोली नेपालका मुख्य प्रशिक्षक उर्जन श्रेष्ठले यस पटक राम्रो तयारी भएकोले उपाधि जित्ने लक्ष्य रहेको बताए । 'हामीले ४०-४५ दिन एन्फा कम्प्लेक्समै तयारी गर्‍यौं । खेल पनि यहीं हुँदैछ । त्यो हाम्रो लागि फाइदा हुनेछ', श्रेष्ठले भने, 'हामीले चर्च ब्वाइजसँग तीन अभ्यास खेल खेल्यौं । त्यसले पनि फाइदा पुग्नेछ ।'

यो पटक नेपाली टिममा ए डिभिजन लिग र नेपाल सुपर लिगबाट खेलिसकेका खेलाडीहरु भएकाले उनीहरु अनुभवी रहेका श्रेष्ठले बताए । नेपाली टिममा गत वर्ष घरेलु मैदानमै साफ यु-१९ खेलेका अधिकांश खेलाडी छन् ।

गत वर्ष सेमिफाइनलमा भारतसँग पराजित भएपछि उपाधि जित्न नसकेको नेपालले यसपटक त्यो गल्तीलाई सच्याएर राम्रो प्रदर्शन गर्ने लक्ष्यमा छ । यस्तै नेपालका कप्तान कुशल देउबाले पनि टिम पूर्ण रुपमा तयार रहेको र लक्ष्य उपाधि रहेको बताए । 'तयारी राम्रो भएको छ । टिमको मेन्टालिटी राम्रो छ । टिम युनिटी राम्रो छ । गत वर्ष अलि एक्सपोजर कमी थियो । यसपटक खेलाडीहरुले राम्रो एक्सपोजर पाएका छन् । हाम्रो लक्ष्य च्याम्पियनसिपको उपाधि जित्नु हो'

यस्तै साविक विजेता भारतका प्रशिक्षक रन्जन चौधरीले पनि उपाधि जित्ने लक्ष्य रहेको बताए । बंगलादेशका प्रशिक्षक एकेएम मारुफुल हकले गत वर्ष फाइनल पुगेकोले यस पटक पनि फाइनल पुग्नका लागि दबाब रहेको बताए । उनले यसपटक टिममा अनुभवी खेलाडीहरु पनि रहेकोले फाइनल खेल्ने लक्ष्य रहेको बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# प्रभावकारी बन्दै 'सम्मानित वृक्षरोपण'

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ लोपोन्मुख वनस्पतिको खोज, अनुसन्धान र संरक्षण गर्दै आएको वनस्पति अनुसन्धान केन्द्र, वृन्दावन वनस्पति उद्यान मकवानपुरमा 'सम्मानित वृक्षरोपण' प्रभावकारी बन्दै गएको छ । वन तथा वातावरण मन्त्रालयको वनस्पति विभाग अन्तर्गत रहेको वृन्दावन वनस्पति उद्यानले देशमै पहिलोपटक सुरु गरेको सेरेमोनियल प्लान्टेसन अर्थात 'सम्मानित वृक्षरोपण' प्रभावकारी बन्दै गएको हो ।




उद्यानलाई स्थानीय र अवलोकनकर्तासँग नाता गाँसियोस् भन्ने अभिप्रायले सेरेमोनियल प्लान्टेसन प्लटको अवधारणा विकास गरेकोमा हालसम्म १३९ जना व्यक्तित्वले बिरुवा रोपेका छन् । सेरेमोनियलको प्रावधान हाल वन नियमावलीमा सम्मानित वृक्षरोपण भई आएको छ । यो प्रावधान वृन्दावन वनस्पति उद्यान र पर्वतीय वनस्पति उद्यान दामनमा कार्यान्वयनमा आएको हो । यो अवधारणा २०७८ सालदेखि सुरुवात भएको हो ।

वनस्पति उद्यानभित्र बिल्कुलै नयाँ ढाँचाको थिमेटिक गार्डेन बनाउने उद्देश्यले उद्यानभित्रको करिव एक हेक्टर भन्दा बढी रिक्त रहेको जग्गामा सम्मानित वृक्षरोपण सुरु गरिएको छ । कार्यालय प्रमुख रघुराम पराजुलीको जन्मदिनको अवसर पारेर श्रीखण्डको विरुवा रोपण गर्दै यो कार्यक्रमको सुरुवात भएको थियो । जन्मदिन, वैवाहिक वर्षगाँठमा, आमाको बाबुको मुखहेर्ने दिन, विभिन्न दिवस एवम् उद्यान भ्रमणमा आउने र कर्मचारीले 'सम्मानित वृक्षरोपण' गर्ने गरेका छन् ।

वन नियमावली २०७९ मा उद्यानमा टिकटिङ प्रावधानकै क्रममा सम्मानित वृक्षरोपणको प्रतिबिरुवा रोपन र संरक्षणका लागि दुइहजार राजस्व कायम गरिएको छ । यहाँ अमेरिकन, जर्मनी नागरिकसहित पूर्वराजदूत, प्रदेशप्रमुख, विभिन्न सरकारी कार्यालयका कर्मचारी र यहाँ भ्रमणमा आउनेहरुले वृक्षरोपण गरेका छन् ।

सम्मानित वृक्षरोपण गर्न चाहनेका लागि यहाँ बहुवर्षीय प्रजातिको बिरुवा कार्यालयले उपलब्ध गराउनुका साथै हुर्काउने र बिरुवाको संरक्षण एवम् नेमप्लेट सहितको विवरण राख्ने गरिएको कार्यालय प्रमुख एवम् वरिष्ठ वैज्ञानिक अधिकृत पराजुलीले जानकारी दिए । 'सम्मानित वृक्षरोपणप्रति पछिल्लो समय आकर्षण बढ्दै गएको छ, बिरुवा मरेको खण्डमा हामीले नै पुन: रोपण पनि गर्दै आएका छौं,' कार्यालय प्रमुख पराजुलीले भने ।

यहाँ रुद्राक्ष, सीताअशोक, पिपल, छतिवन, चिउरी, अमला, बर, समि, कपुर, कटहर, वेल, राजवृक्ष, कदम, निम, अर्जुन, आँप, जमुना, श्रीखण्ड, चाँप, वेल, तेजपात, अगस्ती, दार, हर्रो, इमिली, सुगन्धकोकिला लगायत बिरुवा रोपन गरिएको छ । गत आवमा वृन्दावनमा ३६ र दामनमा २ जनाले सम्मानित वृक्षरोपण गरेको तथ्यांक छ ।

वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर अन्तर्गतका ३ वटा वनस्पति उद्यानमा ६५० भन्दा बढी प्रजातिका वनस्पतिको वंशाणु स्रोतसंरक्षित छन् । जिल्लाभित्रका एवम् चुरेक्षेत्रका विभिन्न स्थानबाट वनस्पति सर्वेक्षण, संकलन गरी पहिचान गर्ने र वनस्पतिको हर्वेरियम नमूना संरक्षित गर्ने कार्य गर्दै आइरहेको छ । अध्ययन अनुसन्धानका क्षेत्रमा यस केन्द्रले स्थापनाकालदेखि नै विभिन्न जडीबुटी तथा आर्थिक महत्वका वनस्पतिको अध्ययन गरी खेतीप्रविधि विकास गरेको छ ।

त्यसैगरी विभिन्न आदिवासी जनजातिले प्रयोग गर्दै आइरहेका वनस्पतिको अभिलेखिकरण गर्दै वनस्पति प्रयोग र संरक्षणबारे सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । बिरुवा उत्पादन गरी वितरण गर्ने, विभिन्न सामग्री प्रकाशन गरी वितरण गर्ने, पर्यावरणीय सौन्दर्य बढाइ पर्यापर्यटन अभिवृद्धि गर्ने र आर्थिक विकासमा टेवा पुऱ्याई गरीबी न्यूनीकरणमा सहयोग पुऱ्याउने लक्ष्यका साथ प्राविधिक तथा विविध सेवा गर्दै आएको छ ।

केन्द्रले वनस्पति सम्पदाको विस्तृत सर्वेक्षण, संकलन तथा पहिचान गर्ने वनस्पतिको वंशाणु स्रोतसंरक्षण गर्ने, जडीबुटी सम्बन्धी अध्ययन, अनुसन्धान गरी खेतीप्रविधि विकास गर्ने, सुगन्धित तेलयुक्त वनस्पतिको तेल प्रतिशत परीक्षण गर्ने, प्राविधिक दृष्टिले फाइदाजनक जडीबुटीको सूचना प्रवाह गर्ने, परम्परागत वनस्पति उपयोगसम्बन्धी अध्ययन (एथ्नो बोटानिकल स्टडी), अनुसन्धान गरी वनस्पति तथा जैविकस्रोतको उपयोगसम्बन्धी ज्ञानलाई अभिलेखीकरण गर्ने, जडीबुटीको बिरुवा उत्पादन तथा वितरण गर्ने, जडीबुटी संरक्षण, खेती तथा प्रशोधनका बारेमा तालिम तथा सेवाप्रदान गर्नेलगायत उद्देश्य यो कार्यालयको रहेको छ ।

कार्यालयले अहिले जडीबुटीको गुणस्तरीय बिरुवा उत्पादन गर्ने, जडीबुटी खेती प्रविधि विकास गरी प्राविधिक सीप हस्तान्तरण गर्ने, जडीबुटी प्रजातिका बासस्थान संरक्षण तथा व्यवस्थापन गर्ने, जडीबुटी सम्बन्धी सूचना तथा नमूना प्रदर्शन गर्ने, जडीबुटी खेतीप्रति कृषकलाई अभिप्ररित गर्ने, महत्वपूर्ण जडीबुटीसम्बन्धी समयसामयिक अध्ययन, अनुसन्धान गरी स्थानीय जनसमुदायलाई जडीबुटी खेतीतर्फ प्रोत्साहित गर्ने, वनस्पतिको सर्वेक्षण गरी दुर्लभ, लोपोन्मुख तथा संकटापूर्ण अवस्थाका वनस्पति संरक्षण गर्ने कार्य गरिरहेको कार्यालयप्रमुख पराजुलीले बताए ।

# नेपाल तमु विद्यार्थी छोंज धींको अध्यक्षमा दिनेश तमु

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/नेपाल तमु विद्यार्थी छोंज धीं जिल्ला समिति मकवानपुरको दोश्रो जिल्ला अधिवेशन थाहा नगरपालिकामा भएको छ । सम्पूर्ण तमु (गुरुङ)विद्यार्थी एकजुट हौं, गुरुङको भाषा, धर्म कला र सस्कृति संरक्षण अभियानमा सरिक हौं भन्ने नाराकासाथ अधिवेशन गरिएको हो ।

नेपाल तमु विद्यार्थीका केन्द्रीय अध्यक्ष बिश्वराज तमुको प्रमुख आतिथ्यतामा भएको अधिवेशनको विशिष्ट अतिथि थाहा नगरउपप्रमुख भरत गोपाली र थाहा-५ का वडाअध्यक्ष बिष्णुबहादुर गुरुङ रहेका थिए ।

अधिवेशनको प्रमुख अतिथि तथा अतिथिले संयुक्तरुपमा उद्घाटन गरेका थिए । मकवानपुर संयोजक दिनेश गुरुङको अध्यक्षतामा सम्पन्न अधिवेशनमा थाहा नगर उपप्रमुख गोपालीले गुरुङ समुदायको कला, संस्कृति, भेषभूषा, भाषा संरक्षणमा थाहा नगरपालिकाले सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

तमु विद्यार्थी अध्यक्ष बिश्वराज तमुले गुरुङ जातिको भाषा संस्कृति, धर्म संस्कार र लिपि जोगाउनु आवश्यक रहेको बताउदै संरक्षणको लागि पुस्तान्तरण हुनुपर्नेमा जोड दिंदै बागमती प्रदेशमा गुरुङभाषाको समस्या रहेको बताए । अधिवेशनले दिनेश तमुको अध्यक्षतामा २३ सदस्यीय जिल्ला कार्यसमिति गठन गरेको छ । समितिको उपाध्यक्षमा रोजिना गुरुङ, सचिव निता गुरुङ, कोषाध्यक्ष सुस्मिता गुरुङ, सहसचिवमा प्रमिसा गुरुङ रहेको २३ सदस्यीय जिल्ला समिति गठन गरेको हो । समितिको सदस्यहरुमा अन्जु गुरुङ, ममता गुरुङ, शुसान्त गुरुङ, चन्चली गुरुङ, स्वीकृति गुरुङ, रोनिका गुरुङ, आशिका गुरुङ, सुजित गुरुङ (क) दिलिप गुरुङ, शिशिर गुरुङ, सिर्जना गुरुङ, सबिन गुरुङ, पुजन गुरुङ, शिशिर गुरुङ र एलिजा तमुस्यो रहेका छन् ।

समितिमा शैक्षिक विभागमा सुस्मिता गुरुङ, प्रचार बिभागप्रमुखमा संजित गुरुङ, शिरीष गुरुङ संगठन विभाग प्रमुखको जिम्मा दिएको छ ।

अधिवेशनलाई तमु विद्यार्थीका केन्द्रीय महासचिव पवन गुरुङ, संगठनका उपाध्यक्ष युवराज गुरुङ, तमु विद्यार्थी बागमती प्रदेश अध्यक्ष अनिल गुरुङ, केन्द्रीय सदस्य सबिन तमु, प्रचारप्रसार विभाग संयोजक बिष्णुराज गुरुङ, गुरुङ परिषद् ह्युला मकवानपुरका अध्यक्ष केशर बहादुर गुरुङ, गुरुङ तमु ह्युला इकाई समिति फुर्केका अध्यक्ष सानुकान्छा गुरुङले अधिवेशन सफलताको शुभकामना दिएका थिए ।

## शिक्षक आवश्यकता

*म्याद थप सहित पुन: प्रकाशित मिति : २०८१।०५।०२*

यस जीएस निकेतन माविका लागि तपशिल बमोजिम शिक्षक, कर्मचारी करारमा नियुक्त गर्नुपर्ने भएकोले तपशिलको योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

| क्र.सं. | पद | विषय | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | माध्यमिक शिक्षक | अ.गणित | १ | मुख्य विषय गणित लिई बीए/बीएड उत्तीर्ण |
| २ | प्राथमिक शिक्षक | गणित | १ | मुख्य विषय गणित लिई १२ कक्षा उत्तीर्ण |
| ३ | प्राथमिक शिक्षक | नेपाली | १ | मुख्य विषय नेपाली लिई १२ कक्षा उत्तीर्ण |
| ४ | प्राथमिक शिक्षक | कम्प्युटर | १ | मुख्य विषय कम्प्युटर लिई १२ कक्षा उत्तीर्ण |
| ५ | कार्यालय सहायक/ आइटी सहयोगी | प्रशासन | १ | वाणिज्य संकायमा कम्प्युटर लिई १२ कक्षा उत्तीर्ण। अनुभवी दक्षलाई प्राथमिकता (पहिले प्रयोगात्मक परीक्षा हुनेछ ।) |

आवेदन दिने अन्तिम मिति : २०८१/५/७ गते शुक्रबार दिनको ४ बजेसम्म
उमेर : १८ वर्ष पूरा भई ४० ननाघेको ।
लिखित परीक्षा : २०८१/५/८ गते शनिबार बिहान ११ बजे
आवश्यक कागजात : नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन र पासपोर्ट साइजको फोटो ।
आवेदन शुल्क : प्राथमिक शिक्षक/कार्यालय सहायक : १५००।-
माध्यमिक तह : २०००।-
परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
पाठ्यक्रम : मावि तहका लागि शिक्षक सेवा आयोगको विषयगत पाठ्यक्रम १०० अंक र प्राथमिक तहका लागि निमावि तहको सम्बन्धित विषयगत पाठ्यक्रम । कार्यालय सहायकका लागि विद्यालयले उपलब्ध गराउनेछ ।

**ज्ञानदीप शिक्षा (जीएस) निकेतन मा.वि.**
हेटौंडा-५, भैरवरोड
०५७-५२३४१५/९८५५०६९९८४/९८५५०६९२८४

## मोटरसाइकल हरायो

यही मिति २०८१ साल साउन ३२ गते शुक्रबार हेटौंडा अस्पतालको पार्किङ्ग स्थलमा पार्किङ्ग गरिराखेको अवस्थाबाट करिब बिहान ९:४३ बजे निम्न व्यहोराको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प ८४५१
**मोटरसाइकल धनीको नाम:** नदिम शाह, मकवानपुरगढी-३, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, १५० सीसी
**मोटरसाइकलको रंग:** निलो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०२३
**चेचिस नम्बर:** MD2A11CX4PPC28078
**इन्जिन नम्बर:** DHXPPC52069
**सम्पर्क फोन नम्बर:** ९८४५६१९३५४

# नवोदय विद्यालय कक्षा १ को 'एक्जिट' कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ हेटौंडा-४ मा रहेको नवोदय शिशुसदन माध्यमिक विद्यालय कक्षा १ मा अध्ययनरत विद्यार्थीलाई लक्षित गरी शनिबार 'एक्जिट' कार्यक्रम आयोजना गरेको छ । कक्षा १ को 'मि एण्ड माइ सराउण्डीङ थिम' मा रही सिकेको कुरालाई विद्यार्थीले विभिन्न खेलमार्फत प्रस्तुति दिएका थिए ।

वर्षमा दुईचोटी आयोजना हुने एक्जिट कार्यक्रम शैक्षिक सत्र २०८१ को लागि यो पहिलो रहेको कक्षा १ की शिक्षिका इशा अधिकारीले जानकारी दिइन् । कक्षा १ की शिक्षिका बन्दना रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा नवोदय विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा हेटौंडा स्कुल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरणबहादुर जोशीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रमुखअतिथि जोशीले भने-'नवोदय विद्यालयले विद्यार्थीलाई क्षमता अभिवृद्धिसम्बन्धी विभिन्न सीपहरु प्रदान गरिरहेको छ, विद्यार्थीलाई अगाडि बढाउनमा अभिभावकको भूमिका महत्वपूर्ण हुन्छ' ।

अभिभावकमध्ये आमाले विद्यार्थीलाई संस्कार सिकाउनु पर्छ भने बुवाले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा उनले जोड दिएका थिए । कार्यक्रममा हेटौंडा सिटी कलेजका प्रिन्सिपल श्रीबहादुर कार्कीले नवोदय विद्यालयले विद्यार्थीको प्रतिभा प्रस्फुटन गर्ने विभिन्न अवसर दिएकोमा विद्यालयको खुलेरै प्रशंसा गरे । 'विद्यार्थीलाई शिक्षा घोकाउनु र सिकाउनुमा धेरै फरक छ' उनले भने-'विद्यार्थीलाई सिकाउने शैली अन्य विद्यालयको तुलनामा नवोदयको फरकपन छ ।' कार्यक्रममा कक्षा १ मा अध्ययनरत विद्यार्थीले स्टेज प्रस्तुति गर्नुका साथै कक्षा १ का विद्यार्थीले 'नाउन' खेल, व्यवहार प्रदर्शन, मपेट र पपेट प्रस्तुति, फोनिक्ससम्बन्धी गतिविधि, गायन तथा नृत्य प्रस्तुत गरेका थिए ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल मनोज थिङ, प्राथमिक तह शैक्षिक संयोजक सचिता पाण्डे, पत्रकार सुजन ढकाल लगायतको आतिथ्यता रहेको थियो ।

# भैरवडाँडाको सडक किनारमा वृक्षरोपण

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ हेटौंडाको भैरवडाँडास्थित पाथिभरा मन्दिर परिसर र भैरवडाँडा सडक किनारमा वृक्षरोपण गरिएको छ । वृक्षरोपण कार्यक्रम सशस्त्र प्रहरी १४ नं. गण हेटौंडाको आयोजनामा भएको हो ।

जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न वृक्षरोपण गरेको सशस्त्र प्रहरी गण १४ नं.का प्रमुख एवम् सशस्त्र प्रहरी उपरीक्षक ज्ञानप्रसाद भुर्तेलले जानकारी दिए । उनका अनुसार, धुपि, रुद्राक्ष, बेल, अमला, राजबृक्ष, केरा लगायत १७ किसिमका बिरुवा रोपिएको हो ।

कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीउपरीक्षक सीताराम रिजाल, डिभिजन वन अधिकृत राकेशप्रसाद चन्द्रवंशी, पाथिभरा मन्दिरका पिठाधीश देवीदास लगायतको उपस्थिति रहेको थियो ।




## सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनुस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नुस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
**Singhababini Moto Corp Pvt. Ltd.**
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

## हाम्रो सुमो सेवाको



नयाँ प्रस्तुति...



**Electric Van (EV)**
**विद्युतीय यात्रुबाहक सेवा**



२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौंडा–काठमाडौं–हेटौंडा | हेटौंडा–वीरगञ्ज–हेटौंडा

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालक: भेष खड्गी
**हाम्रो सुमो सेवा**
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना